# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल

☎ ०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं. :

च.नं. :

मिति : २०८०।०३।१७

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी कोशी प्रदेश, नेपाल स्था:२०७३

## प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

**(पूनः सूचना प्रकाशित मितिः २०८०/०३०/१७)**

यस इटहरी उपमहानगरपालिका क्षेत्रभित्रका सामाजिक सुरक्षा अन्तर्गतको सुविधा प्रास गर्ने लाभग्राहीहरूलाई सहुलियत दिन र सामाजिक उत्तरदायित्त्व वहन गर्नका लागि लाभग्राहीको घर-आँगनमा सेवा दिने तथा नगरले सञ्चालन गर्ने अन्य सामाजिक क्रियाकलापलाई समेत सर्वसुलभ ढङ्गबाट सेवा प्रवाह गराउनका लागि खुल्ला प्रतिस्पर्धाद्वारा नेपाल सरकारबाट स्वीकृती प्रास बैङ्क तथा वित्तीय संस्था छनौट गरी आर्थिक कारोबार सञ्चालन गर्ने र कार्यालय परिसरमा समेत काउण्टर उपलब्ध गराउने भनी कार्यपालिकाको निर्णय भएको हुँदा निम्न सर्तका अधिनमा रही उल्लिखित सेवा दिनका लागि २०८० असार २४ गते आइतबार कार्यालय समयभित्रमा तोकिएका कागजात सहित प्रस्तावना पेश गर्नका लागि सम्बन्धित सबैलाई पुनः सूचित गरिन्छ ।

**सर्तहरू**

१. संस्थाले नेपाल राष्ट्र बैङ्कबाट आर्थिक कारोबार सञ्चालनका लागि *क, ख* वा *ग* वर्गको अनुमति प्रास गरेको हुनुपर्नेछ ।
२. नेपाल सरकारको प्राथमिकतामा रहेको सामाजिक सुरक्षा भत्ता बापतको रकम तोकिएको वर्गलाई अधिकतम सेवा प्रवाह हुने गरी लाभग्राहीको घरदैलो मार्फत सेवा प्रवाह गर्नुपर्नेछ ।
३. नगरपालिका तथा वडा कार्यालयको तर्फबाट सञ्चालन हुने विभिन्न योजना तथा अन्य कार्यक्रमहरूको सम्बन्धमा खाता सुचारु, बन्द, नगद जम्मा वा सटही जस्ता कार्यहरूलाई प्राथमिकतामा राखी सम्पन्न गर्नुपर्नेछ ।
४. नगरपालिका कार्यालय तथा वडा कार्यालय परिसरमा समेत आवश्यकता अनुसार विस्तारित काउण्टर तथा ATM राखी सेवा प्रवाह गर्नुपर्नेछ ।
५. उपमहानगरपालिका भित्रका अधिक वडा कार्यालयमा सेवा विस्तार गरेको वा भविष्यमा गर्न सक्ने हुनुपर्नेछ ।
६. सामाजिक दायित्व बहन गर्ने गरी विभिन्न जानकारीमूलक सूचना सामग्रीहरू प्रकाशन तथा प्रसारण गर्ने, कार्यालयले सञ्चालन गर्ने अन्य सामाजिक कार्यमा सहयोग गर्ने प्रतिबद्धता जाहेरी गर्नुपर्नेछ ।

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**

१. नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्रास प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि तथा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
२. संस्थाले उल्लिखित सर्तहरुसहित प्रदान गर्न सक्ने सेवा सुविधा तथा प्रतिबद्धता समावेश गरिएको प्रस्तावना ।

*पुनश्चः हाल सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेका बैंक तथा वितीय संस्थाहरूले समेत यसै सूचना बमोजिम अनिवार्य प्रस्तावना पेश गर्नुपर्नेछ ।*

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत